"कुमाख गाउँपालिकाको समुन्नतिका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"

# आर्थिक वर्ष २०७५।०७६ को

# नीति वजेट तथा कार्यक्रम

तेश्रो गाउँ सभामा प्रस्तुत

## कार्यक्रम तथा बजेट

मिति २०७५/०३/१० गते

# बजेट तथा वार्षिक निति कार्यक्रम घोषणा

नेपालको संविधान, २०७२ कार्यान्वयनको शिलशिलामा स्थानीय तह कार्यान्वयन पछिको तेस्रो कुमाख गाउँपालिकाको गाउँ सभा आर्थिक वर्ष २०७५/०७६ को संमग्र बजेट तथा वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय गाउँ सभामा उपस्थित भएका छौ । नेपाली जनताले चाहेको आफ्नो संविधान आफै निर्माण गर्न स्थानीय शासन सत्तामा जनताको प्रतिनिधित्व गराउन स्थानीय तहको निर्वाचन मार्फत सिंह दरवारको अधिकार जनताको घर घरमा स्थापित गर्न सफल भएका छौ ।

नेपालको संविधान, २०७२ ले दिएको संवैधानिक अधिकारको प्रयोग गर्दै,

नेपालको संविधान, २०७२ को प्रस्तावनाको मर्म र भावनालाई आत्मसात गर्दै,

स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि आदेश, २०७४ को कार्यादिशालाई ध्यान दिदै, सार्वभौमसत्ता सम्पन्न जनता र ती जनताका निर्वाचित जनप्रतिनिधिहरुको हैसियतले यस गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौं ।

देश र जनताको आर्थिक, सामाजिक, राजनैतिक समृद्धिकालागि महान जनयुद्ध, २०६२/०६३ सालको जन आन्दोलन,मधेश आन्दोल लगाएत विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन वलिदान गर्ने महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । वेपत्ता योद्धाहरुप्रति सम्मान व्यक्त गर्दछौं, साथै सम्पूर्ण घाइत तथा अपाङ्ग योद्धाहरु र आम जनताहरुप्रति हार्दिक अभिवादन व्यक्त गर्दछौं ।

यो सम्मानित गाउँसभाले पारित गरेका सबै नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि पूर्ण प्रतिवद्ध छौं ।

# खण्ड १

## १ स्थानीय तहको संक्षिप्त परिचय

| | |
|---|---|
| समावेश भएका साविकका गाविस | स्वीकोट, मर्मपरिकाँडा, कालागाउँ, बडागाउ र जिमाली |
| जनसंख्या | २४९७२ |
| क्षेत्रफल | १७७.२८ वर्ग किमी |
| भौगोलिक स्थिति | २८°४१′ ०३″उत्तरी अक्षांश र ८०°५६′ ४३″ पूर्वी देशान्तर |
| वडा संख्या | ७ |
| केन्द्र | रागेचौर |
| सिमाना | पूर्व: दार्मा गापा र बागचौर नपा<br>पश्चिम: बन्गाडकुपिण्डे नपा<br>उत्तर: रुकुम र जाजरकोट जिल्ला<br>दक्षिण: सिद्धकुमाख गापा |
| समुद्र सतहबाट उचाई | ९००-२७०० मि. उचाई |
| औसत वर्षा | १८४०.मि.मि.सम्म |
| औसत वार्षिक तापक्रम | अधिकतम तापक्रम जेठ-असारतिर ३८.२ देखि ३१.२ डिग्री सेन्टिग्रेटसम्म र पौष-माघतिर न्यूनतम २.२ देखि अधिकतम २६.४ डिग्री सेन्टिग्रेट |
| मुख्य नदीनाला | मर्मखोला जिमालीखोला र वासखोला |

| | |
|---|---|
| मुख्य पर्यटकीय क्षेत्र | कुमाख पहाड,सिद्धबाबा थदरा, भूमेश्वर चमेरे गुफा मालिका |
| मुख्य उर्वर जमिन | मर्मज्युला,कौछे , थापाचौर, जिमाली, सेरीपाटा, कोत्री, थदरा, टाटके, तिमिलगाँरा बस्नेतज्युला हिलेतुरतुरे आदि । |

## वडा विभाजन

| वडा नं | समावेश भएका साविक गाविस | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| १ | स्वीकोट | ४-८ | |
| २ | स्वीकोट | १-३,९ | |
| ३ | मर्मपरिकाँडा | १-९ | |
| ४ | कालागाउँ | १, ३-५ | |
| ५ | कालागाउँ | २, ६-९ | |
| ६ | बडागाउँ | १-९ | |
| ७ | जिमाली | १-९ | |

## १.२ विद्यमान अवस्थाको संक्षिप्त परिचय

### १.२.१ सबल पक्ष

क) कृषिको लागि उर्वर जमिन,पशुपालका लागि उपयुक्त वातावरण, उद्योग, पर्यटन, शिक्षा स्वास्थ्यका लागि आवश्यक संस्थाहरु, सडक सञ्जाल, जल, वन क्षेत्र र सेवा प्रवाहका लागि संस्थागत संरचना कुमाखवासी जनताको आर्थिक विकास, समृद्धि र सुशासनका आधारशिला हुन ।

### १.२.३ अवसर

क) उर्वर जमिन, पर्यटकीय क्षेत्र भएकोले कृषिको व्यावसायीकरण र पर्यटनको विकास गरी आर्थिक उन्नति गर्न सकिने सम्भावना प्रचुर रहेको छ ।

ख) टोल टोलमा विद्यालय, स्वास्थ्यचौकी, चेतनाको विकासले सामाजिक विकासको आधारसिला निर्माण गरी अघि बढन सजिलो छ ।

ग सडक तथा पुल, संचारको विकास उर्जाको माध्यमबाट जनजीवनमा सुधार गर्न सकिने सम्भावना उत्तिकै छ ।

घ) वन क्षेत्र प्रसस्तै रहेकोले यसलाई आम्दानीको क्षेत्र बनाई जनताको जीवनस्तरमा थप समृद्धि हासिल गर्न सकिन्छ ।

ङ) जनताको घरदैलोमा नै सरकारका अंगहरु स्थापना भइसकेकोले जनताले सरकारबाट लिनसक्ने आवश्यक सेवाका लागि घण्टौं हिडेर दिन खर्च गर्नु पर्दैन । समयको वचत र वचत समयलाई समृद्धिको काममा उपयोग गर्न सकिन्छ ।

### १.२.४ चुनौती

क) व्यवसायिक खेतीका लागि जनतालाई अग्रसर गराउन तथा उत्पादित वस्तुको वजार व्यवस्थापन कठिनाइ रहेको छ ।

ख) बालबालिकामा उत्कृष्ठ सिकाइ हासिल गराउने र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचको लागि दक्ष जनशक्तिको व्यवस्थापन

ग) निर्माण भइसकेका निर्माणाधिन सडकको दिगोपन कायम गरी नागरिकको आवागमनलाई बाह्रै महिना सहज तुल्याउने र सडक सञ्जाललाई जनताको आर्थिक उन्नयनमा कसरी जोडने भन्ने कुरा चूनौतीपूर्ण नै छ ।

घ) वन क्षेत्रको संरक्षण यसको दिगो विकास र प्राप्त हुने आम्दानीलाई न्यायपूर्ण वितरण कसरी गर्ने ।

ङ) सरकारबाट प्रदान गर्नुपर्ने सेवा प्रदान गर्न आवश्यक संस्थागत संरचनाहरु वडा केन्द्र र वस्तीसम्म पुगे पनि दक्ष जनशक्ति पुर्याउन नसक्दा स्थानीय सरकारको अनुभूति जनतामा हुन सकेको छैन ।

च) कृषि तथा पशुपालनलाई व्यावसायिक रुपमा विकास गर्ने ।

### १.३ वार्षिक नीति वजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

सुझाव संकलन कार्यक्रम २०७५।२।२३

टोलको वैठक २०७५ जेष्ठ मसान्तभित्र

वडासमितिको वैठक २०७५ जेष्ठ मसान्तभित्र

विषयगत समितिको वैठक

वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक

### १.४ आयोजनाका प्राथमिकीकरणका आधारहरु

क) गरिबी न्युनीकरण रोजगारी सिर्जना र आयआर्जन वृद्धि

ख) जनसहभागिता

ग) लैंगिक समानता र सामाजिक समावेशीकरण

घ) दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापन

ङ) कला सस्कृतिको पहिचान र प्रवर्धन

च) सेवा प्रवाह संस्थागत विकास र सुशासन ।

# खण्ड २

### २.१ चालु आवको नीति तथा कार्यक्रमको समीक्षा

#### क) आर्थिक क्षेत्र

**कृषि**

१) मौरीपालनका लागि गुरुदासे बदामका लागि थदरा बेसारका लागि रागेचौर अदुवाका लागि राम्री तरकारीका लागि कालागाउँको कौछे स्थानमा पकेट क्षेत्र घोषणा गरिएको ।

**उद्योग तथा वाणिज्य**

१) व्यापार व्यवसायको सूचीकृत र दर्ता ।

**पर्यटन**

१) कुमाख र थदराको सिद्धमन्दिरमा पैदल मार्ग निर्माण

सहकारी

**वित्तिय क्षेत्र**

१ बैंक स्थापनाका लागि सिफारिस ।

**बाह्य क्षेत्र**

## ख सामाजिक क्षेत्र

**शिक्षा**

१. २३ वटा विद्यालयमा भौतिक सुधारका कार्य

२. २४ विद्यालयलाई अनुदान प्रदान ।

३ पठनपाठन परीक्षा बिदा लगायतका विषयमा एकरुपता कायम गर्न शैक्षिक क्यालयाण्डर निर्माण गरी सो अनुसार विद्यालय सञ्चालनको व्यवस्था मिलाइएको छ ।

४ आधारभूत तहको कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण ।

५ शिक्षकको नियमिततालाई व्यवस्थित गर्न डिजिटल हाजिरको प्रयोग गर्न विद्यालयलाई उत्प्रेरित गरिएको छ ।

६ शैक्षिक सुधारका लागि वृहत शैक्षिक अन्तर्क्रिया कार्यक्रम सञ्चालन ।

**स्वास्थ्य**

१ गुरुदासे नेटा र थदरामा सामुदायिक स्वास्थ्य एकाइको स्थापना

२ स्वीकोटको डाँडाकटेरीमा खोपकेन्द्रको स्थापना तथा भवन निर्माण

३ हाल सञ्चालनमा रहेका १५ वटा गाउँघर क्लिनिकमा संस्थागत सुदृढिकरण गरिएको ।

४ ६ नं वडालाई पूर्ण खोप वडा घोषणा ।

**<u>खानेपानी तथा सरसफाइ</u>**

१ ४८ वटा खानेपानीका आयोजना सम्पन्न ।

<u>संस्कृति प्रवर्धन</u>

१ स्थानीय स्तरमा रहेका पुराना लोक संस्कृतिलाइ मेला चाड पर्वमा प्रदर्शन गर्न उत्प्रेरित ।

<u>लैंगिक समानता तथा समावेशीकरण</u>

१ उपभोक्ता समितिमा मुख्य पदमा १ जना महिला रहने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन ।

२ लक्षित वर्गका कार्यक्रममा महिलालाई प्राथमिकता ।

<u>जनसंख्या व्यवस्थापन</u>

**ग) पूर्वाधार क्षेत्र**

सडक तथा पुल

| क्रस | सडक | किमी |
|---|---|---|
| १ | नयाँ ट्र्याक | ८० |
| २ | स्तरउन्नति | १५ |

**<u>सिंचाइ</u>**

**१.२.१ वटा सिंचाइ आयोजना सम्पन्न ।**

**<u>भवन तथा सहरीविकास</u>**

१.प्रहरी चौकीदेखि जनता मावि रागेचौरको गेटसम्म पिच सडक निर्माण ।

२. गाउँपालिका स्तरीय खेल मैदान निर्माण ।

३ कृषि तथा भेटनरी कार्यालयको लागि भवन निर्माण कार्य शुरु भएको छ ।
४ वडा नं ६ मा स्वास्थ्य आवास भवन निर्माण ।
संचार
गाउँपालिकाको कार्यालयमा इन्टरनेट जडान
उर्जा लघु साना जलविधुत
१.गाउँपालिका केन्द्रसम्म विधुत जडानको लागि टेन्डरप्रक्रिया मार्फत कार्य शुरु भएको छ ।
घ वातावरण तथा विपद व्यवस्थापन
१ मर्मखोला, जिमालीखोला र वासखोलाको प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न ।
२ विपदमा परेका नागरिकलाई राहात वितरण गरिएको ।
ङ संस्थागत विकास सेवा प्रवाह र सुशासन
१ सेवा प्रवाह, संस्थागत विकासर सुशासनको आधारभूत संरचना तयार भएको छ ।
२ प्रत्येक वडा कार्यालयमा कम्प्युटर तथा सोलार जडान भइसकेको ।
३ थोरै जनशक्तिको बाबजुत सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ ।
च अन्य
क गाउँपालिका कार्यालय र अस्पताल भवनको लागि लागि करिब १३ रोपनी जग्गाको व्यवस्था ।

## खण्ड ३
## आव ०७५।०७६ को नीति वजेट तथा कार्यक्रम

३.१ सोच: समृद्ध कुमाख गाउँपालिका,सुखी जनता।
३.२ लक्ष्य : सन्तुलित विकासको माध्यामबाट जनतामा समृद्धि हासिल गर्ने तथा आम नागरिकलाई सुशासनको अनुभूति दिलाउने ।
३.३ उदेश्य:

क. पूर्वाधारको विकास गरी आयआर्जनमा वृद्धि गर्ने
ख. गरिबी, कुपोषण, निरक्षरता उन्मुलन गर्ने ।
ग. सेवा प्रवाह लगायत विकास कार्यमा सुशासनको प्रत्याभूति प्रदान गर्ने ।
घ. शिक्षा र स्वास्थ्यमा नागरिकको सहज पहुँच स्थापित गर्ने ।

३.४ अपेक्षित उपलब्धी:

१.कृर्षि र पशुपालनमा व्यवसायीकरण गरी उत्पादन दोब्बर गराउने ।
२.हरेक वडा कार्यालयसम्म यातायातको सहज पहुँच
३. हरेक नागरिकलाई स्वच्छ खानेपानीको पहुँच
४. गुणस्तरीय र रोजगारमूलक शिक्षामा सबै बालबालिकाको पहुँच
५. अवको २ वर्षमा हरेक वडा केन्द्रमा विधुतीकरण भइसकेको हुने छ ।

३.५ वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

३.५.१ समग्र नीति तथा आधारहरु:नेपालको संविधान २०७२ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घोषणापत्रहरु,दिगो विकास लक्ष्य, चौधौं त्रिवर्षिय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ आदि समग्र नीतिगत आधारहरु हुन ।

**३.५.२ क्षेत्रगत नीति तथा आधार:**

**क आर्थिक क्षेत्र**

कृषि

१.कृषि गरूयोजना तयार गरी सोका आधारमा व्यवसायिक कृषि प्रणालीको विकास गरिने छ ।

२ गाउँ गाउँमा सहकारी घर घरमा भकारीको नीतिलाई कार्यान्वयन गरिने छ। साथै कृषि आत्मनिर्भर गर्नका लागि उत्कृष्ट कृषकलाई किसान पेन्सनको व्यवस्थाका लागि पहल गरिने नीति लिइने छ।

३. कृषि उत्पादन वृद्धि योजना कार्यक्रमलाई आधुनिकिकरण, व्यवसायीकरण र वजारीरकरण गर्दै किसान परिचय पत्रको आधारमा सहुलियत व्याजदरमा कृषि ऋण,मल, विउ, औजार, प्रविधि उपलब्ध गराउने नीति लिइने छ।

४. किसानको आर्थिक स्रोत वढाउन र व्यय भार घटाउने उद्देश्यका साथ एक घर एक करेसावारी, एक वस्ती एक अग्रानिक खेती, तरकारीजन्य खाद्यजन्य उत्पादन आफुले आफ्नै वारी वा जमिन भाडामा लिएर उत्पादन गर्नकालागि विशेष अनुदान दिने नीति लिइने छ।

५.कृषि पकेट क्षेत्रको घोषणा गरी खेती प्रणालीलाई व्यवस्थित गरिने छ गाउँपालिकामा उत्पादित तरकारी एवम् फलफुलहरुको संकलन र वजार व्यवस्थापन गर्ने नीति लिइने छ।

६ एक टोल एक उत्पादन र समुहमा आधारित कृषि व्यवसायलाई प्रोत्साहन गर्ने र सीतभण्डार निर्माण गर्ने नीति लिइने छ ।

५. मासु तथा अण्डामा आत्मानिर्भर हुने नीति लिइनेछ यसका लागि किसानहरुलाई उन्नत जातको पशुपालनका लागि आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

६.पशुजन्य पदार्थको उत्पादन वृद्धि गर्न स्वस्थ पशु आहार तथा आवश्यक उपचारको व्यवस्था मिलाइने छ ।

<u>उद्योग तथा वाणिज्य</u>

१ आयमा गुणात्मक वृद्धि गर्ने उद्योग र व्यवसायलाई प्रोत्साहित गरिने छ ।

२ स्थानीय नागरिकलाई रोजगार प्रदान गर्ने उद्योगलाई सहुलियत प्रदान गरिने छ ।

३ स्थानीय सामग्रीबाट निर्मित घरेलु तथा साना उद्योगलाई प्रोत्साहित गरिनेछ ।

४ रोजगार तथा उद्यम गर्न सक्ने सीपको विकास गर्न क्षमता विकास तालिम सञ्चालन गरिने छ ।

<u>पर्यटन</u>

१. पर्यटन गुरुयोजना बनाइ सोका आधारमा पर्यटन क्षेत्रको विकास तथा प्रवर्धन गरिने छ ।

२ आयआर्जनको महत्वपूर्ण माध्यामको रुपमा पर्यटन क्षेत्रको विकास गर्ने निति लिइने छ ।

३ गाउँपालिकामा रहेका ऐतिहासिक क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकास गरिने नीति लिइने छ।

४. कुमाखको ऐतिहासिक धरोहर कुमाख पहाडमा पैदल मार्ग, शिद्ध मन्दिर, थदरामा रहेको शिद्ध गुफा वडा नं २ को भुमेश्वर गुफा जागेश्वर मन्दिर लगायत अन्य पर्यटकीय ठाउँहरुको खोजी गरी व्यवस्थित विकास गर्ने नीति लिइने छ।

सहकारी

१ सबै नागरिकलाई सहकारीमा आवद्ध गराई सहकारीलाई गरिबी न्युनीकरणको महत्वपंर्ण साधनका रुपमा विकास गरिने तथा सहकारीलाई माध्याम बनाई बचत र आय वृद्धिका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

वित्तीय क्षेत्र

१

बाह्य क्षेत्र

**ख सामाजिक क्षेत्र**

शिक्षा

१ गुणस्तरयुक्त शिक्षा र शैक्षिक पूर्वाधार: गाउँपालिका समृद्धिको आधार भन्ने उदेश्य अनुरुप आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य तथा माध्यामिक तहसम्मको शिक्षालाई क्रमश निशुल्क गर्ने रणनीति अबलम्बन गरिने छ ।

२ विद्यालय नजाने तथा छाडने प्रवृत्तिलाई निरुत्साहित गर्न विद्यार्थी सिकाइ उपलब्धी अभिवृद्धि गर्न बालबालिकालाई विद्यालय ल्याउँ टिकाउँ र सिकाउँ भन्ने राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन सामुदायिक विद्यालय तथा अभिभावकहरुसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।विद्यालय जाने उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई नियमित पठनपाठन गराउन सक्ने वडालाई प्रोत्साहन गरिने छ ।

३ माध्यामिक तहसम्मको शिक्षामा गुणस्तर सुनिश्चितताका लागि आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

४ विद्यालयमा अपुग हुने स्रोत व्यवस्थापनका लागि सुत्रबद्ध अनुदान प्रणाली लागू गरिने छ ।

५ हरेक विद्यालयको संस्थागत क्षमता विकास र विद्यालयभित्र सुशासन कायम गर्न आवश्यक पहल गरिने छ ।

६ सामुदायिक र संस्थागत विद्यालय बीच सहकार्य गर्ने खालका कार्यक्रम सञ्चालन गरिने छ ।

७ संस्थागत विद्यालयलाई सेवामुखी बनाउन उत्प्रेरित गर्ने तथा नियमनको दायरामा ल्याइने छ ।

८ गाउँपालिका भित्रका सबै वडाहरुमा माध्यामिक तहको विद्यालयहरु संचालन गरी सामुदायिक स्कूलमा गुणस्तरीय तथा सिपमुलक व्यवहारिक शिक्षाको सुनिश्चत गरिने छ। त्यसका लागि आवश्यक भौतिक पूर्वाधारहरु (पुस्तकालय,कम्प्युटर, खानेपानी, शौचालय, विजुली, संचार, खेलकुद सामग्रीको व्यवस्था गर्न नीति लिइने छ।

९दक्ष र सीपमुलक प्राविधिक जनशक्ति उत्पादनका लागि गाउँपालिका स्तरमा व्यवसायिक विद्यालय र प्राविधिक शिक्षालय स्थापना गर्ने नीति लिइने छ।

१० बालविवाह न्युनीकरणका लागि आवश्यक जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

११ विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ता बैंकमार्फत भुक्तानी गर्ने कार्यलाई अनिवार्य गरिने छ ।

१२ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण र प्रयोगलाई प्रभावकारीरुपमा सञ्चालनमा ल्याइने छ ।

१३ जोखिममा रहेका तथा बेसाहारा बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन ती बालबालिकाको पहिचान गरी पाठ्यपुस्तक स्टेसनरी सामग्री पोशाक लगायत आवश्यक आर्थिक सहयोग उपलब्ध गराइने छ ।

१४ विद्यालयको नक्सांकन गरी विद्यालय स्थापना तथा विद्यालय मर्जको नीति लिइने छ ।

१५ सबै विद्यालयको भौतिक पूर्वाधारको विकास तथा सुदृढ गरिने छ ।

१६ हरेक विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाइने छ ।

१७ कक्षा ८ र एस इ इ परीक्षामा उत्कृष्ठ अंक ल्याने गरीब तथा जेहन्दार विद्यार्थी १ जना छात्र तथा १ जना छात्रालाई छात्रवृतिको व्यवस्था मिलाइने छ ।

१८ द्वन्दको समयमा मृत्यु भएका  मृतकका २२ वर्षसम्मका छोराछोरीलाई आधारभूत तह देखि उच्च शिक्षासम्म अध्ययनमा सहयोगका लागि छात्रवृतिको व्यवस्था मिलाइने छ ।

१९ स्थानीयस्तरको ज्ञान सीप र प्रविधिको  प्रवर्धनका लागि छोटो अविधको तालिम सञ्चालन गरिने छ ।

२० विद्यालयमा शिक्षकको न्यायोचित व्यवस्थापनका लागि दरबन्दी मिलान गरिने छ ।

२१ प्रत्येक महिनाको अन्तिम शुक्रबार कम्तीमा १ घण्टा विद्यार्थी तथा शिक्षकले सामाजिक तथा श्रममुलक काम गर्नुपर्ने निति अबलम्बन गरिने छ ।

२२ पूर्णरुपमा साक्षर गाउँपालिका बनाउन साक्षरता तथा साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिने छ ।

२३ स्वस्थ जीवनका लागि खेलकुद भन्ने मान्यतालाई गाउँपालिकामा व्यवस्थित गर्न तथा खेलाडीहरुको कार्यक्षमतालाई प्रवर्धन गर्न कुमाख गाउँपालिका खेलकुद विकास समिति गठन  गरिने छ ।

२४ नियमित रुपमा गाउँपालिकास्तरीय खेलकुदका विभिन्न कार्यक्रम सञ्चालन गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिताको आयोजना गरिने छ ।

२५ वैदेशिक रोजागारमा गइ अंगभंग भएका र मृत्यु भएकाका छोराछोरीलाई पठनपाठनको उचित व्यवस्थापनका लागि छात्रवृतिको व्यवस्था गरिने छ ।

२६ आधारभूत तहमा १ वटा र माध्यामिक तहमा १ वटा नमुना विद्यालयको विकास गरिने छ ।

## स्वास्थ्य

१. रोग लागि सकेपछि स्वास्थ्य संस्था बनाउने भन्दा रोग लाग्नै नदिने गरी स्वास्थ्य तथा सरसफाई सम्वन्धी कार्यक्रम संचालन गरिने छ। यस गाउँपालिकालाई पूर्ण खोप तथा सरसफाइ युक्त गाउपालिका बनाउने लिइने छ।

२. प्राकृतिक एवं आयुर्वेदिक चिकित्सालयलाई प्रोत्साहन गर्न तथा योग शिक्षा लाई विस्तार गर्नका लागि विशेष योजना र कार्यक्रमसञ्चालन गर्ने नीति लिइने छ।

३. प्रत्येक बडाहरुमा दक्ष जनशक्ति सहितको स्वास्थ्य चौकीकासाथै चौविसै घण्टा प्रसुति सेवाको व्यवस्था गरिने छ। साथै स्वयंसेविकालाई आवश्यक तालिमको व्यवस्था गरिने नीति लिइने छ।

४. सबै वडापालिकामा गाउँघर क्लिनिक तथा खोपक्लिनिक केन्द्रबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाइने छ ।

५. सुत्केरी महिला र बृद्धबृद्धाहरुको निशुल्क स्वास्थ्य उपचारको व्यवस्थालाई प्रभावकारी गराइने छ ।

६. गाउँपालिका स्तरिय १५ शैयाको अस्पतालको स्थापना गर्नका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग विशेष अनुदान माग गरी भवन निर्माण गरिने छ ।

७ सबै गर्भवतीमहिलाहरुलाई स्वास्थ्य संस्थामा गई गर्भ जाँच तथा प्रसुति गराउने कार्यलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइने छ ।यसका लागि प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

८ यस गाउँपालिकाका सबै बालबालिकालाई कुपोषणमुक्त बनाइने छ ।यसका लागि प्रत्येक घरमा करेसाबारी निर्माण तथा पशुजन्य उत्पादनलाई प्रोत्साहित गरिने छ ।

९ सुत्केरीलाई सेवा, भावी सन्ततिलाई टेवा भन्ने नारासाथ बाल तथा मातृ स्वास्थ्य सेवालाई सुरक्षित बनाउन र प्रसव पिडामा रही जोखिममा रहेका गर्भवती महिलाको जीवन रक्षाका लागि आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१० महिलाहरुको आङ खस्ने, पाठेघर क्यान्सर, आखा लगायत आवश्यक विशेषज्ञ सेवा सिविर सञ्चालन गरिने छ ।

११ बिरामीहरुको आकस्मिक सेवाको लागि स्वास्थ्यचौकीमा एम्बुलेन्सको व्यवस्था गरिने छ ।

१२ स्वस्थ नागरिक, समृद्ध गाउँपालिका भन्ने मूल उदेश्यका साथ जनताको जीवनसँग जोडिएको आधारभूत स्वास्थ्य सेवालाई जनमुखी, भरपर्दो र प्रभावकारी बनाइने छ ।

१३ सबै स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको संस्थागत सुधार गरिने छ ।

१४ महिनावारी स्वच्छता सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

१५ हरेक स्वास्थ्यचौकीमा स्वास्थ्य बर्थिङ सेन्टर स्थापना गरिने छ ।

**खानेपानी तथा सरसफाइ**

१. **नेपाल सरकारको** एक घर एक धाराको नीति**लाई प्राथमिकताका आधारमा कार्यान्वयनमा ल्याइने छ ।**

२. खानेपानीका मुहानहरुको संरक्षण कार्य सम्बद्ध पक्षहरुको सहकार्यमा प्राथमिकताको आधारमा अगाडि बढाइने छ।

३ प्लाष्टिक झोला प्रयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

४ वजार केन्द्रमा सार्वजनिक सौचालय निर्माण गरिने छ ।

५ आगामी ५ वर्षभित्रमा प्रत्येक घरमा स्वच्छ पिउनेपानीको व्यवस्था मिलाइने छ ।

**संस्कृति प्रवर्द्धन**

१ लोपउन्मुख कला र संस्कृतिको संरक्षण गर्ने क्रियाकलाप सञ्चालनमा ल्याइने छ ।

२ भावीपुस्तालाई कला र संस्कृतिप्रति जागरुक गराउन विद्यालयले निर्माण गर्ने स्थानीय पाठ्यक्रममा स्थानीय कला र सस्कृतिका विषयहरु समेटने नीति कार्यान्वयनमा ल्याइने छ ।

३ साहित्य जीवन जगतको ऐना भएकोले यसको संरक्षण र प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

१. यस गाउँपालिकामा भित्र रहेका सामाजिक समस्या र बिकृतिहरु जस्तै ( जातीय छुवाछुत, जातिय विभेद, बाल विबाह, बहु विबाह, महिला हिंसा, अन्त गर्ने नीति लिइने छ।

२. लक्षित वर्ग दलित जनजाती, महिला तथा बालबालिका जेष्ठ नागरिक अपाङ्गता फरक क्षमता भएका वर्गहरुको आवश्यकतालाई केन्द्रीत हुनु खाल्को नीति लिइने छ।

३. जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन तथा विभिन्न आन्दोलनमा घाइते अपाङ्ग, वेपत्ता परिवार तथा जेल-नेलमा परेका व्यक्ति वा उनका परिवारलाई सीप तथा आय मूलक क्षमताको विकास गरी आत्मानिर्भर बनाउने नीति लिइने छ।

**जनसंख्या व्यवस्थापन**

१ सानो परिवार सुखी परिवार समृद्धिको आधार भन्ने यस गापाको नारालाई कार्यान्वयनमा ल्याइने छ ।

२ सक्रिय जनसंख्यालाई आयआर्जनको काममा लगाउने कार्यक्रम सञ्चालन गरिने छ ।

**ग पूर्वाधार क्षेत्र**

**सडक तथा पुल**

१.गाउँपालिका र वडा पालिकाको केन्द्र जोड्ने र छिमेकी गा.पा./ ना.पा. जिल्ला र अन्तर जिल्ला तथा प्रदेश जोड्ने रणनितिक महत्वका सडकहरुलाई आवश्यक वजेट बिनियोजन गरी स्तर बृद्धि गर्न पहल गरिने छ।

२. गाउँपालिका स्तरीय रिङ रोड निर्माण गरिने छ बाहै महिना यातायात संञ्चालन गर्न दुई वर्ष भित्र गाउँपालिका देखि वडा केन्द्र सम्म जोड्ने नीति वनाई सिघ्र कार्यान्वयन गरिने छ।

३. कुमाख गाउँपालिका सडक निर्माणको लागि लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दानिर्माण भइरहेका सडकहरुको स्तरोन्नति र गुणस्तरीयतालाई बढी प्राथमिकता दिइने छ।

४. थारमारेदेखिचौरजहारीसडकस्तरवृद्धिगर्नप्रदेशसरकारलाई अनुरोध गरिने छ ।

५ सडक गुरुयोजना तयार गरी विकासकार्यलाई वातावरणमैत्री तथा दिगोपन कायम गर्ने नीति लिइने छ ।

६ सुरुवात भएका र सम्पन्न हुन बाँकी आयोजनाहरुलाई ४ वर्षभित्र पूरा गरिने छ ।

**सिंचाइ**

१. गाउँपालिका भित्रका सम्पूर्ण खेती योग्य जमीनहरुमा साना तथा ठूला आयोजनाहरुलाई प्राथामिकताका आधारमा संचालन गर्ने नीति लिइने छ।

२. भेरी नदीलगायत संभावित खोला नालाहरुवाट लिप्ट प्रणालीद्धारा खेती योग्य जमिनमा सिंचाइको व्यवस्था मिलाई कृषि उत्पादन गर्ने नीति लिइने छ।

**भवन तथा सहरीविकास**

१ भवन आचार संहिता लागू गरी व्यवस्थित वस्तीविकासका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२ गाउँपालिकाबाट अनुमति लिएर मात्र भौतिक संरचना निर्माण गर्ने बाध्यकारी नीति अवलम्बन गरिने छ ।

३ उर्वर जमिनमा खेती र कम उर्वर जमिनमा तथा सडक सञ्जाल भएको ठाउँमा वस्तीविकासका लागि प्रवर्धनात्मक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

४ सार्वजनिक जमिनको प्रयोग तथा उक्त जमिनमा निर्माण भएका भौतिक संरचनालाई करको दायरामा ल्याउने र सार्वजनिक जमिनलाई अतिक्रमण हुने कार्यलाई दण्डनीय बनाउने नीति लिइने छ ।

**संचार**

१. दुरसञ्चारतर्फ , ल्याण्ड लाइन फोनसञ्चालनका लागि संघ र प्रदेश सरकारलाई अनुरोध गरिने छ ।

२. प्रत्येक वडामा इन्टरनेटको पहुँच पुर्याइने छ ।

३ स्थानीय सरकारी कामकाजमा पारदर्शिता सुनिश्चित गर्न सञ्चार माध्यामलाई महत्वपूर्ण साधनका रुपमा प्रयोग गरिने छ ।

<u>उर्जा लघु तथा साना जलविद्युत</u>

१.गाउँपालिका केन्द्रसम्म २०७५।०७६ भित्र विधुत लाइन विस्तार गरी गरिने छ ।साथै विद्युत लाइन विस्तार गर्न सकिने सम्भाव्य वस्तीहरु कोत्री थदरा बस्नेतज्युलामा विद्युत पुर्याइने छ ।

२. गाउँपालिकामा संम्भावित स्थानको छनौट गरी लद्यु जलविद्युत योजनालाई प्राथमिकताका आधारमा संचालन गर्ने नीति लिइने छ।

**घ वातावरण तथा विपद व्यवस्थापन**

<u>वन तथा भूसंरक्षण</u>

१. हरित गाउँपालिका बनाउन, जलधार क्षेत्र र पानीका मुहान संरक्षणका लागि वन विशेष अभियानका साथ वन तथा वन्यजन्तु संरक्षित क्षेत्रको विकास गर्ने नीति लिइने छ।

२. वन क्षेत्र संरक्षण र व्यवस्थापनका साथ वन क्षेत्र भित्र सडेगलेका उत्पादनहरु व्यवस्थित गर्न आवश्यक नीति लिइने छ।

<u>जलाधार संरक्षण</u>

१ पर्यावरण संरक्षण नै जीवको आधारसिला हो । यसको महत्वपूर्ण अंग जलाधार संरक्षण हो । पानीको मुहान भएका स्थानमा प्राकृतिक पोखरी निर्माण र यसको संरक्षणका लागि आवश्यक कार्य अघि बढाइने छ ।

२ नदी, खोला, नाला, पोखरीकोसरसफाइ र संरक्षणका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिने छ । यस्ता प्राकृतिक ठाउँहरुमा फोहर फाल्ने कार्यलाई दण्डनीय बनाइने छ ।

३ पर्यावरण संरक्षण र यसबाट जनजीवनमा पर्ने प्रभाव सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

<u>वातावरण संरक्षण</u>

१ नदी, नाला, खोला, बाटो सार्वजनिक स्थल यी हाम्रा सम्पत्ति हुन यीनलाई दुषित र फोहर बनाउने कार्य वातावरणीय हिंसा हो ।यिनको संरक्षण र सदुपयोगबाट मात्र हाम्रो जीवन दीर्घ हुन्छ ।तसर्थ सार्वजनिक ठाउँमा फोहर फाल्ने व्यक्ति संस्थालाई आवश्यक कारवाहीको दायरामा ल्याइने छ ।

२ सडक निर्माण गर्दा भएको भूक्षयलाई रोक्न सडक किनारामा वृक्षारोपणको कार्यका लागि स्थानीय समुदायलाई प्रोत्साहित तथा सहयोग गरिने छ ।

<u>जलवायु परिवर्तन</u>

१) जलवायु परिवर्तनबाट हुने असर र यसको कमीका लागि प्रवर्धनात्मक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

<u>फोहरमैला व्यवस्थापन</u>

१) प्रत्येक घरबाट निस्कने फोहर आफ्नै घर कम्पाउण्ड भित्रै व्यवस्थापन गर्ने नीति कार्यान्वयनमा ल्याइने छ । यसका लागि शुरुका चरणमा प्रवर्धनात्मक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

**जलउत्पन्न प्रकोप नियन्त्रण**

१) जल उत्पन्न प्रकोप नियन्त्रणका लागि निरोधात्मक उपायहरु जस्तै वृक्षारोपन तटबन्ध निर्माण जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

**विपत व्यवस्थापन वारुणयन्त्र संचालन**

१) विपत वाजा वजाएर आउने चीज होइन त्यसैले विपतप्रति पूर्व सचेतता अपनाउनु नै बुद्धिमानी हुने भएकोले विद्यालयमा यो विषयलाई पठनपाठनको माध्याम बनाउने तथा टोल र समुदायमा पनि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२) विपत व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष निर्माण गरिने छ ।

## ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन

**सामान्य सेवा**

१. गाउँपालिका तथा वडा केन्द्रबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाइने छ । यसका लागि आवश्यक जनशक्ति क्षमता विकास तथा संस्थागत सुदृढिकरणमा विशेष जोड दिइने छ ।

२. काममा ढिलासुस्ती, झञ्झटिलो र प्रक्रियामुखी मात्र बनाउने प्रवृतिलाई निरुत्साहित तथा दण्डनीय बनाइने छ ।

३. जन गुनासो सुन्ने छुट्टै गुनासो डेक्सको व्यवस्था गरिने छ।

४ न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन गापा तथा वडा केन्द्रमा मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउने ।

**सुरक्षा व्यवस्थापन**

१ हरेक नागरिकको जीउ धन र सम्पत्तिको सुरक्षाको प्रत्याभूति गर्न प्रवर्धनात्मक निरोधात्मक र दण्डात्मक नीति अबलम्बन गरिने छ ।

**सूचना प्रविधि**

१ गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइने छ ।

२ गाउँपालिकfका सम्पूर्ण गतिविधिलाई मोवाइल एप्सको माध्यामबाट सार्वजनिक गरिने छ ।

**पञ्जिकरण व्यवस्थापन**

१सामाजिक सुरक्षा कार्यक्रम तथा घटना दर्ता गर्ने कार्य Online System मार्फत गर्न क्षमता विकास तथा संस्थागत सुदृढिकरण गरिने छ ।

स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन

१ तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन कार्यलाई प्रविधिमा आधारित बनाइनेछ । यसका लागि आवश्यक मानवीय क्षमता विकास र संस्थागत क्षमता विकास गरिने छ ।

**सुशासन प्रवर्धन**

१ स्थानीय सरकारबाट हुने हरेक कामकारवाहीहरु गर्दा प्रचलित ऐन कानुन नियम कार्यविधिको अक्षरस पालना गरिने छ ।

२ स्थानीय सरकारबाट हुने कामकारवाहीको पारदर्शिता उत्तरदायित्व जवाफदेहिता सुनिश्चित गरिने छ ।

३ सञ्चालित विकास आयोजनाहरुको दिगोपन र प्रभावकारितामा विशेष ध्यान दिइने छ ।
४ आम जनतासँग नजोडिएको योजना तय हुनु, तोकिएको समयमा कार्यसम्पन्न नहुनु, तोकिएबमोजिम कार्य नहुनु, काममा मितव्ययिता कायम नहुनु, कार्यमा दक्षता र आयोजनाको प्रभावकारिता कायम नगर्नुहालसम्म सुशासन कायम हुन नसक्नुका कारणहरु हुन । यसतर्फ सबै नागरिक सेवाप्रदायक निकायहरु गैरसरकारी संघसस्थाहरु विद्यालयहरु उपभोक्ता समितिहरु सजग र सचेत हुन जरुरी छ । यसर्थ सुशासन कायम गर्न स्थानीय सरकारले प्रवर्धनात्मक निरोधात्मक र दण्डात्मक उपायहरु सुन्यसहनसीलताको सिद्धान्तका आधारमा लागू गर्ने छ ।
५ वजार अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ ।
६ कामको प्रगतिविरण विषयगत शाखाले कार्यपालिकाको वैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइने छ ।
७ गाउँपालिकाभित्र रहेका सार्वजनिक संस्थाको सम्पत्तिलाई व्यवस्थित गर्ने नीति लिइने छ ।

**<u>अनुसन्धान तथा विकास</u>**

१ हचुवाको भरमा गरिने विकासले जनतामा दिगो रुपमा विकासको अनुभूति दिन सक्दैन ।आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण, सेवाप्रवाह लगायतका आयोजनाहरु छनौट र कार्यान्वयन गर्दा अनुसन्धानात्मक पद्धतिलाई अवलम्बन गरी कार्यान्वयनमा ल्याइने छ । यसका लागि अनुसन्धान कार्यलाई प्रोत्साहन गरिने छ ।
२ गाउँपालिकाको वृत्त चित्र तयार गरिने छ ।यसले भावीपुस्तालाई विकास र यसको गति मापन तथा अघि बढन सहयोग मिल्ने छ ।

अध्यक्ष महोदय

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि वजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३३ करोड ७४ लाख ३९हजार विनियोजन गरिएको छ । कुल विनियोजितमध्ये चालुतर्फ रु ६ करोड ५० लाख ९७ हजार र पूजीगत तर्फ रु १५ करोड ३७ लाख ९२ हजार रहेको छ ।

आगामी आर्थिक वर्षका लागि खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारबाट रु २८ करोड ३५ लाख १ हजार तथा प्रदेश सरकारबाट रु ५४ लाख ३८ हजार तथा गत वर्षको वचत ४ करोड ४० लाख र आन्तरिक राजस्वबाट रु ४५ लाख व्यहोरिने छ ।

अध्यक्ष महोदय

आदरनीय सभाका सदस्य ज्युहरु
अनुमाणित आयको विवरण निम्नअनुसार प्रस्तुत गर्दछु ।

| क्रस | वजेट शिर्षक | रु हजारमा |
|---|---|---|
| १ | शशर्त अनुदान | ११८६०० |

| | | |
|---|---|---|
| २ | वित्तीय समानीकरण अनुदान | ९३९०० |
| ४ | संघीय राजस्व | ७१००१ |
| ५ | प्रदेश राजस्व | ४५२ |
| ६ | प्रदेश समानीकरण | ४९८६ |
| ७ | गत आवको वचत | ४४००० |
| ८ | आन्तरिक आय | ४५०० |
| | कुल जम्मा | ३३७४३९ |

३ ६ मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु

१ चालु खर्च तर्फ ६करोड ५० लाख ९७ हजार तथा पूजीगत तर्फ १५ करोड ३७ लाख ९२ हजार विनियोजन गरिएको छ ।

२ संघीय सरकारबाट प्राप्त शशर्त अनुदानको रकम तोकिए बमोजिम नै खर्च हुने गरी ११ करोड ८६ लाख विनियोजन गरिएको छ ।

३ गाउँपालिका भवन र स्वास्थ्य भवन निर्माणको लागि रु २ करोड ४५ लाख विनियोजन गरिएको छ ।

४ अन्तर गापा।नपाबाट गाउँपालिका केन्द्र तथा गापा केन्द्रदेखि वडाकेन्द्र तथा गापा भित्रको रिङ रोडको अवधारणालाई मूर्त रुप दिन रु ५करोड ५९ लाख ५० हजार विनियोजन गरिएको छ ।

५ गापाभित्र सञ्चालन हुने खानेपानीका आयोजनाका लागि रु १ करोड २४ लाख विनियोजन गरिएको छ ।

६ विभिन्न सिंचाइ आयोजना सञ्चालनका लागि रु ५४ लाख विनियोजन गरिएको छ ।

७ शशर्त अनुदान बाहेक विद्यालयको भौतिक सुधार लगायत कार्यका लागि रु १ करोड ७१ लाख त्रिपन्न हजार विनियोजन गरिएको छ ।

८ शशर्त अनुदान बाहेक विद्यालयमा शिक्षक व्यस्थापनका लागि सुत्रवद्ध अनुदान प्रणाली अनुसार हुने गरी आवश्यक वजेट विनियोजन गरिएको छ ।

९ विधुत विस्तार गर्न सकिने वडा र वस्तीहरुमा विधुत लाइन विस्तारका लागि रु ६० लाख विनियोजन गरिएको छ ।

१० लक्षित वर्गका कार्यक्रमका लागि रु ६१ लाख ५० हजार विनियोजन गरिएको छ ।

११ शशर्त बाहेक कृषि तर्फ रु ५० लाख विनियोजन गरिएको छ ।

१२ शशर्त बाहेक पशुतर्फ रु २७ लाख विनियोजन गरिएको छ ।

१३ शशर्त बाहेक स्वास्थ्यतर्फ रु ९० लाख २८ हजार विनियोजन गरिएको छ ।

१४ कार्यालयको सवारी साधन तथा एम्बुलेन्स खरिदको लागि रु ६५ लाख विनियोजन गरिएको छ ।

**सभाका सदस्य ज्यूहरु,**

अन्त्यमा गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने नेपाल सरकार कर्णाली प्रदेश सरकार संघ संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।साथै यो वजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गनिर्देशन दिनु हुने माननीय ज्यु, जिल्ला समन्वय समितिका उपप्रमुख ज्यु, विषयगत समितिका संयोजक ज्युहरु वडाध्यक्षज्युहरु गाउँसभाका सदस्यज्युहरु कर्मचारीहरु बुद्धिजीवीहरु राजनैतिक दलका प्रतिनिधिज्युहरु पत्रकार सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**

.

श्री डिल्ली राज जैसी
(उपाध्यक्ष )
मिति : २०७५/०३/१०

आ.व.२०७5/७6

| शीर्षक | | आ.व.२०७4/७5 को संशोधित अनुमान | आ.व.२०७5/७6 को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | नेपाल सरकार | प्रदेशसर | स्थानीयत ५ | | |
| चालु खर्च | | ५००९८ | ६५०९७ | | | | | | |
| २११४२ | पदाधिकारीको सुविधा | 0 | १०००० | | | | | | |
| २११११ | कर्मचारी तलब | ११०१८ | ८००० | | | | | | |
| २११३१ | स्थानीय भत्ता | १०५९ | १०५९ | | | | | | |
| २११३२ | महंगी भत्ता | ३६० | ३६० | | | | | | |
| २११३३ | फिल्ड भत्ता | ९५ | ९५ | | | | | | |
| २११३९ | अन्य भत्ता | ४२५० | ३००० | | | | | | |
| २११२१ | पोसाक | २२५ | २२५ | | | | | | |
| २११२३ | औषधी उपचार खर्च | ५०० | ५०० | | | | | | |
| २२१११ | पानी तथा विजुली महसुल | १० | ५० | | | | | | |
| २२११२ | संचार महसुल | ५६५ | ५६५ | | | | | | |
| २८१४२ | घर भाडा | ६९४ | १००० | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८१४९ | अन्य भाडा | ४४५ | ४४५ | | | | | | |
| २२२१२ | इन्धन | २०५ | १००० | | | | | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ९० | १०० | | | | | | |
| २२२१४ | विमा तथा नवीकरण खर्च | ३० | १०० | | | | | | |
| २२३११ | कार्यालय सामान तथासेवाहरु | ५० | ५० | | | | | | |
| २२३११ | कार्यालय सञ्चालनसम्बन्धी खर्च | २८५० | २५०० | | | | | | |
| २२३१३ | पुस्तक तथा सामाग्रीखर्च | ० | ५० | | | | | | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २५ | ५० | | | | | | |
| २२४११ | सेवा र परामर्श खर्च | ५०० | २०० | | | | | | |
| २२४१९ | अन्य सेवा शुल्क | ८०० | २००० | | | | | | |
| २२५१२ | तालिम तथा गोष्ठी | ७०० | ७०० | | | | | | |
| २२६११ | अनुगमनमुल्याङ्कनखर्च | १५५५ | १९९५ | | | | | | |
| २२६१२ | भ्रमण खर्च | ३०० | ५०० | | | | | | |
| २२७११ | विविध खर्च | ११९२ | ११९२ | | | | | | |
| २७२११ | छात्रवृति | १०० | ३०० | | | | | | |
| २२५२२ | कार्यक्रम खर्च | ६१० | ४४८० | | | | | | |
| २१२१४ | कर्मचारी कल्याण कोष | ५० | १२०० | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २७११२ | **अन्य सामाजिकसहायता/विपद्व्यवस्थापन कोष** | **१८५०** | १५०० | | | | | | |
| २५३११ | **विद्यालय सहयोग अनुदान** | **१०११२.००** | ५१५३ | | | | | | |
| २२५२२ | **कृषि सम्बन्धीकार्यक्रम खर्च** | **३९००** | ५००० | | | | | | |
| २२५२२ | **पशुसेवा सम्बन्धीकार्यक्रम खर्च** | **१५००** | २७०० | | | | | | |
| २२५२२ | **स्वास्थ्य सेवासम्बन्धी कार्यक्रम खर्च** | **४४९५** | ९०२८ | | | | | | |
| | | | | | | | | | |
| **पुजिगत खर्च** | | **१४३४०४** | **१५३१८१** | | | | | | **०** |
| २९१११ | जग्गा खरिद | ३००५ | ० | | | | | | |
| 31112 | भवन निर्माण/खरिद | २१०० | ३१२०० | | | | | | |
| | मर्मतसंभार कोष | | ५००० | | | | | | |
